नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, पाँचथर
पाँचथर, फिदिम

पत्र सख्या -: २०७६/०७७ मिति २०७७।०१।२९
चलानी नं.

## नेपाल सरकारको निर्णय अनुसार बन्दाबन्दीको समयमा जिल्लाभित्र सञ्चालन गर्न सकिने उद्योग तथा सेवाहरुको सूचि प्रकाशित गरिएको

१. लकडाउन अवधिमा औषधि, स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तुको उत्पादन तथा विक्री वितरण, खाद्यवस्तु लगायतका कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा विक्री वितरण, औद्योगिक वस्तुको उत्पादन तथा विक्री वितरण, विकास आयोजनाहरुको सञ्चालनको लागि आवश्यक पर्ने ढुंगा – गिट्टी, वालुवालगायतका निर्माण सामग्रीको ढुवानी र न्यूनतम बैंकिङ तथा वित्तिय सेवालाई संक्रमणको जोखिमको अवस्था मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड अनिर्वाय रुपमा पालना गरी/ गराई, सामाजिक दूरी कायम गरी/ गराई देहायबमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ।

क. कृषि तथा पशुपन्छीजन्य सम्बन्धीः-

१. खाद्यवस्तु र अन्य बाली लगाउने तथा पाकेको बाली भित्र्याउने कार्य।
२. पशुपन्छी पालन, माछा पालन, कुखुरा पालन तथा विक्री वितरण।
३. फलफूल, तरकारी, दुध र दुग्धजन्य पदार्थको उत्पादन, संकलन, भण्डारण र विक्री वितरण।
४. नर्सरीबाट विरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन र विक्री वितरण।
५. कृषि बिउ – बिजन उत्पादन, भण्डारण र विक्री वितरण।

ख. स्वास्थ्य सेवासम्बन्धीः-

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरूको सञ्चालन। सबै प्रकारका खोप लगायतका अत्यावश्यक सेवाहरुको सञ्चालन।
२. औषधी तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा विक्री वितरण।
३. औषधी पसलहरु (आयुर्वेद, होमियोप्याथिकसमेत) को सञ्चालन।
४. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्बन्धी सेवा।

ग. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट पाठ्यपुस्तक बिक्रीको अनुमति लिएका पुस्तक पसल।

घ. ढुवानी सेवासम्बन्धीः-

ढुवानी सेवाका साधनहरुलाई निसंक्रमित (Disinfected) गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको सम्बन्धित भन्सार विन्दु र उद्योग प्रतिष्ठानहरुले स्वास्थ्य जाँच गरेको प्रमाण हेरि देहायका ढुवानीका साधनहरु गन्तव्य स्थलसम्म आवतजावत गर्न दिनेः-

१. माथि (क) र (ख) मा उल्लिखित सबै प्रकारका वस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु।

नविनमान श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी

फोन नं 520088/520250-024 . फ्याक्स नं.०२४-५२०१३३ Email: dpanchthar@gmail.com
Website: daopanchthar.moha.gov.np
सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन

२. भन्सारबाट जाँचपास भई आएका, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका र मालसामान गन्तव्यमा पुऱ्याई फर्किने ढुवानीका साधनहरु
३. पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु ।
४. औद्योगिक कच्चा पदार्थहरु र तयारी मालवस्तु बोकेका ढुवानीका साधनहरु ।
५. विकास आयोजनामा प्रयोग हुने उपकरणहरु लाने/ ल्याउने कार्य र निर्माण सामग्रीहरु बोकेका ढुवानीका साधनहरु ।
६. कृषि सामग्री, रसायनिक एवं प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु ।
७. एम्बुलेन्स सेवा ।

ङ. विकास आयोजनासम्बन्धीः-
१. राष्ट्रिय गौरवका आयोजनाहरु, सरकारी तथा निजीस्तरबाट सञ्चालित जलविद्युत आयोजना, सिँचाई आयोजना, खानेपानी आयोजना, सडक तथा पुल, सरकारी भवन निर्माण तथा प्रबलीकरण र एक स्थानमा एकपटकमा अधिकतम १० जनामा नबढ्ने गरी सञ्चालन गरिने अन्य सहरी पूर्वाधार विकास निर्माणका कामहरु ।
२. माथि (१) नं. मा उल्लेखित आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्बन्धित आयोजनाले दैनिक रुपमा अनिर्वाय स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाई एकै स्थानमा आवासको व्यवस्था गर्ने । श्रमिकहरुलाई कार्यस्थलमै खाना/ खाजाको व्यवस्था मिलाउने । स्थान अभाव भएमा स्थानीय तहको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा नीजि विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरुसँग सम्पर्क नहुने गरी सुरक्षित आवासको व्यवस्था गर्ने । यससम्बन्धी खर्च सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्ने ।
३. ढुंगा – गिट्टी, बालुवालगायत निर्माण सामग्रीहरुको उत्पादन, संकलन र ढुवानीसम्बन्धी कार्य ।
४. नदी नियन्त्रणका कार्यहरु ।
५. आवास स्थलदेखि निर्माण स्थलसम्म श्रमिकहरुलाई सुरक्षित आवतजावत गर्न स्वास्थ्य मापदण्ड पालना गरी निर्माण व्यवसायीले परिवहनको व्यवस्था मिलाउने ।

च. सार्वजनिक सेवासम्बन्धीः-
१. बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारीमार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने ।
२. अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा अति आवश्यक पर्ने न्यूनतम कर्मचारीहरुलाई आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चलान गर्ने ।

निर्मल तुम्रोक
सहायक प्रमुख जिल्ला अधिकारी

३. अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालयका लागि सम्बन्धित निकायको प्रमुखको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले त्यस्ता कार्यालयमा रहेको कुल सवारी साधनहरुमध्ये एक चौथाई संख्यामा नबढ्ने गरी सवारी पास उपलब्ध गराउने ।

छ. औद्योगिक उत्पादनसम्बन्धीः-

यस अवधिभर उत्पादन प्रक्रियामा संलग्न श्रमिक कामदारलाई उद्योग प्रतिष्ठानले छुट्टै स्थानमा राख्ने बन्दोबस्त मिलाई काममा लगाउने । आफ्नो प्रतिष्ठानभित्र पर्याप्त स्थान नभएमा उक्त प्रतिष्ठान रहेको स्थानीय तहको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा नीजि विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरुसँग सम्पर्क नहुने गरी सुरक्षित आवास तथा खाना/ खाजाको व्यवस्था गर्ने । यससम्बन्धी खर्च सम्बन्धित उद्योग प्रतिष्ठानले व्यहोर्ने । आवासस्थलदेखि उद्योग प्रतिष्ठान रहेको स्थानसम्म श्रमिकहरुलाई स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित परिवहनको व्यवस्था मिलाउने । उद्योगहरुले कार्यस्थललाई अनिवार्य रुपमा स्यानिटाइजेसन गर्ने र नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरी देहायका उद्योग व्यवयासहरु सञ्चालन गर्ने व्यवस्था मिलाउनेः-

१. चालम, दाल, तेल, चिउरा, चिनी, विस्कुट, पाउरोटी, पीठो, चाउचाउजस्ता दैनिक उपभोग्य खाद्यवस्तु पानी प्रशोधन, औषधी, स्वास्थ्य सामग्री, साबुन उत्पादन र सोको प्याकेजिङ सामग्री उत्पादन गर्ने उद्योगहरु ।

ज. राजमार्गका होटल तथा रेष्टुरेन्टसम्बन्धीः-

राजमार्ग तथा सहायक राजमार्गका कम्तिमा ५० किलोमिटर दूरीको अन्तरमा सम्बन्धित स्थानीय तहले तोकेका स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको मापदण्ड अवलम्बन गरी खानाको प्याकेट मात्र बिक्री गर्ने गरी होटल, रेष्टुरेण्ट सञ्चालन गर्ने । राजमार्ग र सहायक राजमार्गमा सञ्चालन हुने सवारी साधनहरु उपर्युक्तबमोजिम निर्धारित समय र स्थानमा मात्र रोक्ने व्यवस्था गर्ने ।

झ. व्यवस्थापकीय कार्यसम्बन्धीः-

सम्बन्धित रोजगारदाता, स्थानीय तह, सेवा प्रदायक, प्रशासनले आवागमन सहजीकरण गर्ने, सामाजिक दूरी कायम गराउने, अनिर्वाय रुपमा मास्क प्रयोग गर्ने, तापक्रम मापन गर्ने, स्यानिटाइजर र ग्लोब्सहरुको प्रयोग गर्ने, विद्युतीय माध्यमबाट भुक्तानी गर्ने । नगद कारोबार गर्दा खुद्रा पैसाको लेनदेन कम हुने गरी गर्ने । एक ठाउँमा पाँचजना भन्दा बढी व्यक्ति जम्मा नहुने ।

२. माथि जुनसुकै कुरा लेखिएको भए तापनि अर्को आदेश वा सूचना जारी नभएसम्म देहायका स्थान/ स्थलहरु (पूर्ण रुपमा) बन्द रहनेछन् र देहायका क्रियाकलापहरु सञ्चालन गर्न/ गराउन पाइने छैनः-

क. क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु ।

निर्मल तुम्रोक
सहायक प्रमुख जिल्ला अधि

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, पाँचथर
पाँचथर, फिदिम

ख. गैरखाद्य वस्तु विक्री गर्ने व्यावसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु ।

ग. सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु ।

घ. खेलकुद स्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन, व्युटीपार्लहरु ।

ङ. होटल, वार, रेष्टुरेण्टहरु ।

च. स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुबाहक सवारी साधनहरु ।

छ. १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० वर्ष पूरा भएका जेष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिडडुलका गतिविधिहरु ।

३. यस पाँचथर जिल्ला भित्रको कुनै भू-भागमा संक्रमणको जोखिम देखिएमा वा समुदायस्तरमा उक्त संक्रमण विस्तार भएको पाइएमा वा संभावना देखिएमा उक्त क्षेत्र वा जिल्लाभर माथि प्रकरण १ मा उल्लिखित क्रियाकलापहरु निश्चित अवधिसम्मका लागि स्थानीय प्रशासनले तत्कालै सञ्चालनमा रोक लगाउन सक्नेछ ।

२०७६।१२।२८
निर्मल तुम्रोक
सहायक प्रमुख जिल्ला अधिकारी

फोन नं 520088/520250-024 . फ्याक्स नं.०२४-५२०१३३ Email: dpanchthar@gmail.com
Website: daopanchthar.moha.gov.np
सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन